अध्याय ४: हङकङमा काम गर्ने

श्रम विभागबाट सहयोग

रोजगार अधिकार र लाभहरू

यदि तपाईंलाई आफ्नो रोजगार अधिकार र लाभहरूको बारेमा समस्या भयो भने, तपाईं श्रम विभागको श्रम सम्बन्ध डिभिजन (Labour Relations Division of the Labour Department) को नि: शुल्क सहायता लिन सक्नुहुन्छ। उहाँहरूले निम्न प्रदान गर्न सक्नुहुन्छ:

- रोजगार अध्यादेश (Employment Ordinance, Cap. 57), न्यूनतम पारिश्रमिक अध्यादेश (Minimum Wage Ordinance, Cap. 608) (जहाँ लागू हुन्छ) र तपाईंको रोजगार सम्झौता अन्तर्गत तपाईंको अधिकार र दायित्वहरू बारे जानकारी;
- निःशुल्क परामर्श सेवा; र
- विवादहरू समाधान गर्न मद्दत दिनको लागि तपाईं र तपाईंको रोजगारदाताका लागि निःशुल्क मेलमिलाप सेवा।

श्रम सम्बन्ध डिभिजन कार्यालयहरू निम्न ठेगानाहरूमा अवस्थित छन्:

HONG KONG ISLAND

Hong Kong East Office 12/F, 14 Taikoo Wan Road Taikoo Shing Hong Kong	Hong Kong West Office 3/F, Western Magistracy Building 2A Pokfulam Road Hong Kong

KOWLOON

Kowloon East Office UGF, Trade and Industry Tower 3 Concorde Road, Kowloon	Kowloon West Office Room 1009, 10/F Cheung Sha Wan Government Offices 303 Cheung Sha Wan Road Sham Shui Po, Kowloon
Kowloon South Office 2/F, Mong Kok Government Offices 30 Luen Wan Street Mong Kok, Kowloon	Kwun Tong Office Units 801-806, 8/F Tower I, Millennium City 1 388 Kwun Tong Road Kwun Tong, Kowloon

NEW TERRITORIES

Tsuen Wan Office 5/F, Tsuen Wan Government Offices 38 Sai Lau Kok Road Tsuen Wan, New Territories	Kwai Chung Office 6/F, Kwai Hing Government Offices 166-174 Hing Fong Road Kwai Chung, New Territories
Shatin & Tai Po Office Rooms 304-313, 3/F Sha Tin Government Offices 1 Sheung Wo Che Road Sha Tin, New Territories	Tuen Mun Office Unit 2, East Wing, 22/F Tuen Mun Central Square 22 Hoi Wing Road, Tuen Mun New Territories

यदि तपाईंको रोजगारदाताले रोजगार अध्यादेश (Employment Ordinance) वा न्यूनतम पारिश्रमिक अध्यादेश (Minimum Wage Ordinance) (जहाँ लागू हुन्छ) उल्लङ्घन गरेको शंका भएका र तपाईं फौजदारी अभियोजन स्थापना गर्ने उद्देश्यले उल्लङ्घनको प्रमाण उपलब्ध गराउन सहमत हुनुहुन्छ भने, श्रम सम्बन्ध डिभिजन (Labour Relations Division)ले तपाईंको उजुरी अनुसन्धान विभाग (Department for investigation)को सम्बन्धित उप-विभागमा पठाउनेछ।

यदि तपाईंलाई श्रम कानून वा श्रम विभागको कामको बारेमा सामान्य सोधपुछ गर्नु परेमा, पूर्व-रेकर्ड गरिएका सन्देशहरू सुन्न, फ्याक्स जानकारी प्राप्त गर्न, र दिनको २४-घन्टा उपलब्ध अपरेटरसँग कुरा गर्न २७१७-१७७१ (हटलाइन १८२३ द्वारा प्रयोग गरिएको छ) मा कल गर्नुहोस्, वा इमेल गर्नुहोस्: enquiry@labour.gov.hk। तपाईंले श्रम विभाग (Labour Department)को गृहपृष्ठ www.labour.gov.hk मा पनि जान सक्नुहुन्छ।

के कुनै वैधानिक न्यूनतम ज्याला छ?

वैधानिक न्यूनतम ज्याला (Statutory Minimum Wage, SMW) दर १ मे २०२३ देखि लागू हुने गरी $४० प्रति घण्टामा वृद्धि गरिएको छ। कुनै पनि ज्याला अवधिको दौरानमा न्यूनतम ज्याला अध्यादेश (Minimum Wage Ordinance) अन्तर्गत पर्ने कर्मचारीहरूलाई भुक्तानी गरिनु पर्ने ज्याला जब त्यस ज्याला अवधिमा गरेको कूल घण्टाहरूको औसतमा गणना गरिन्छ, त्यो SMW दरभन्दा कम भएको हुनु हुँदैन।

मेरो रोजगार सम्झौता खारेज भएमा मैले के पाउनेछु?

तपाईंले आफ्नो सम्झौता पूरा गरेपछि वा तपाईंको सम्झौता नवीकरण नभएपछि, तपाईंले पूरा भएको वा समाप्त भएको मितिबाट सात दिन भित्र सबै ज्याला र अन्य रकमहरू प्राप्त गर्नुपर्छ। यस रकममा निम्न समावेश हुनुपर्छ:

- कुनै पनि दिन बाँकी ज्याला;
- कुनै पनि वार्षिक बिदा नलिएको सट्टामा भुक्तानी;
- लामो सेवा अवधि भुक्तानी (यदि लागू भएमा); र
- श्रम कानूनहरू र तपाईंको रोजगार सम्झौताको प्रावधान अनुसार तपाईंलाई भुक्तानी गर्न बाँकी कुनै पनि अन्य रकम।

यदि तपाईंलाई बर्खास्त गरिएको छ भने, माथिका वस्तुहरू बाहेक र बर्खास्तको परिस्थितिमा निर्भर रहँदै, यदि तपाईंको रोजगारदाताले कुनै पनि अथवा पर्याप्त सूचना दिएका छैनन् भने तपाईं सूचनाको सट्टामा भुक्तानीको निम्ति हकदार पनि हुन सक्नुहुन्छ।

यदि तपाईंले विच्छेद भुक्तानी (severance payment)को लागि दाबी गर्दै हुनुहुन्छ भने, तपाईंले आफ्नो रोजगारदातालाई सूचना दिनु पर्छ। यदि तपाईं यस्तो रकमको लागि योग्य हुनुहुन्छ भने, तपाईंको विच्छेद भुक्तानी सूचना प्राप्त भएको मितिबाट दुई महिना भन्दा ढिला नहुने गरी रोजगारदाता भुक्तानी गर्न उत्तरदायी हुन्छन्।

के मसँग गैरकानूनी समाप्ति विरुद्ध कुनै सुरक्षा छ?

रोजगार अध्यादेश (Employment Ordinance) र कर्मचारी क्षतिपूर्ति अध्यादेश (Employees' Compensation Ordinance, Cap. 282) ले रोजगार सम्झौताको अन्त्य बारेमा विशेष वैधानिक प्रतिबन्धहरू स्पष्ट रूपमा बताउँछ। सम्बन्धित अध्यादेशहरूमा अन्य सान्दर्भिक शर्तहरूको अधीनमा रहेर, निम्न परिस्थितिहरूमा रोजगारदाताले कर्मचारीलाई बर्खास्त गर्नु गैरकानूनी हुन्छ:

- कुनै गर्भवती कर्मचारीले गर्भावस्था सूचना दिए पछि;
- कर्मचारी वैधानिक भुक्तान हुने बिरामी बिदामा रहँदा;
- कर्मचारीले रोजगार अध्यादेश लागू गर्ने सम्बन्धमा, कार्य दुर्घटनाहरू वा कार्य सुरक्षा कानूनको उल्लङ्घनको सम्बन्धमा अधिकारीहरूलाई कुनै पनि कारवाही वा जानकारीमा प्रमाण दिने कारणले;
- ट्रेड युनियनको सदस्यता वा ट्रेड युनियन गतिविधिहरूमा सहभागिताको कारणले; र

• श्रम विभाग (Labour Department) वा कर्मचारी क्षतिपूर्ति मूल्याङ्कन बोर्ड (Employees' Compensation Assessment Board)ले उपयुक्त सर्टिफिकेट जारी गर्नुअघि वा कर्मचारीसँग क्षतिपूर्ति दाबी टुङ्गोमा पुऱ्याउनु अघि काममा घाइते भएका कुनै कर्मचारीका लागि।

काम चोट लागि क्षतिपूर्ति

श्रम विभागको कर्मचारी क्षतिपूर्ति विभाग ले:

• कर्मचारी क्षतिपूर्ति अध्यादेश अन्तर्गत क्षतिपूर्ति प्राप्त गर्न काममा कुनै चोटपटक लागेका वा कुनै तोकिएको व्यावसायिक रोगबाट पीडित कर्मचारीहरूलाई सहयोग गर्दछ; र

• कर्मचारी क्षतिपूर्ति अध्यादेश अन्तर्गत क्षतिपूर्ति प्राप्त गर्न काममा दुर्घटना वा कुनै तोकिएको पेशागत रोगको कारण मृत्यु भएका कर्मचारीको परिवारका सदस्यहरूलाई सहयोग गर्दछ।

तल कर्मचारी क्षतिपूर्ति डिभिजन कार्यालय हरूको ठेगानाहरू छन्:

को कार्यालय Employees' Compensation Division, Labour Department	ठेगाना
कामसम्बन्धी चोटपटकका केसहरू	
<u>**कुनै पनि काम सम्बन्धि चोटपटकको घटना वा तोकिए बमोजिमको व्यावसायिक रोगका घटनाहरूको प्रतिवेदनको लागि सम्बन्धित फारमहरू पेश गर्नुहोस्**</u> • Employees' Compensation Division Operations – Central Processing Team	Room 1007, 10/F, Cheung Sha Wan Government Offices, 303 Cheung Sha Wan Road, Kowloon
<u>**काममा लागेको चोटपटकका घटनाहरू वा तोकिएका व्यावसायिक रोगका घटनाहरूको बारेमा सोधपुछका लागि:**</u> • Employees' Compensation Division Operations – Team A	Room 1605, 16/F, Southorn Centre, 130 Hennessy Road, Wanchai, Hong Kong

• Employees' Compensation Division Operations – Team B	18/F, One Mong Kok Road Commercial Centre, 1 Mong Kok Road, Kowloon
• Employees' Compensation Division Operations – Team C	6/F, Tsuen Wan Government Offices, 38 Sai Lau Kok Road, Tsuen Wan, New Territories
• Employees' Compensation Division Operations – Team D	Rooms 05-06, 23/F, KOLOUR•Tsuen Wan I, 68 Chung On Street, Tsuen Wan, New Territories
	Room 239, 2/F, Shatin Government Offices, 1 Sheung Wo Che Road, Shatin, New Territories
• Employees' Compensation Division Operations – Team E	18/F, One Mong Kok Road Commercial Centre, 1 Mong Kok Road, Kowloon
मृत्यु भएका घटनाहरू	
Fatal Cases Office	Room 601, 6/F, Harbour Building, 38 Pier Road, Central, Hong Kong

सम्बन्धित कार्यालयहरूको ठेगाना परिवर्तनको हुन सक्छन्। सबैभन्दा पछिल्ला विवरणहरूको लागि, कृपया श्रम विभागको वेबसाइटको गृहपृष्ठमा जानुहोस्।
गृहपृष्ठ: www.labour.gov.hk
हटलाइन: २७१७-१७७१ (हटलाइन १८२३ द्वारा ह्यान्डल गरिएको छ)

जागिर खोज्ने

यदि तपाईं हङकङका निवासी भइसक्नु भएको छ र हङकङमा कानुनी रूपमा रोजगारी प्राप्त गर्न योग्य हुनुहुन्छ भने, तपाईं रोजगारीहरू खोज्नको लागि श्रम विभागको कुनै पनि रोजगार केन्द्रहरूमा जान सक्नुहुन्छ। तिनीहरूले तपाईंलाई निम्न सेवाहरू निःशुल्क प्रदान गर्न सक्छन्।

- जागिर रेफरल सेवा: तपाईंले डिस्प्लेमा वा सेल्फ-सर्भिस टच-स्क्रिन कम्प्युटरहरू मार्फत रिक्त पदहरू चयन गर्न सक्नुहुन्छ र जागिर अन्तर्वार्ताका लागि रेफरलहरूका निम्ति काउन्टर स्टाफबाट सहयोग लिन सक्नुहुन्छ।

- रिसोर्स कर्नरहरू, विशेष काउन्टरहरू र रोजगारी ब्रिफिङहरू: रोजगार खोज्नेहरूलाई स्थानीय श्रम बजारको अवस्था राम्रोसँग बुझ्न मद्दत गर्न यी सबै रोजगार केन्द्रहरूमा उपलब्ध छन्। तपाईंले आफ्नो रोजगारी आवश्यकताहरूका बारेमा रोजगार अधिकारीसँग छलफल गर्न पनि सक्नुहुन्छ जसले तपाईंलाई तपाईंको जागिर खोजी विधिहरू, श्रम बजार जानकारी र प्रशिक्षण/पुनः तालिम पाठ्यक्रमहरू र/वा उपयुक्त रूपमा क्यारियर योग्यता मूल्याङ्कन सञ्चालन गर्ने विषयहरूमा सल्लाह दिन सक्छन्।
- विशेष रोजगार कार्यक्रमहरू: रोजगार खोज्नेहरूले श्रम विभागद्वारा प्रशासित विशेष रोजगार कार्यक्रमहरूमा सामेल हुन सक्छन् जसमा वास्तविक कामहरूमा कार्य परीक्षणहरूको व्यवस्था समावेश छ। यी कार्यक्रमहरू तपाईंको आवश्यकताहरू अनुरूप छन् वा छैनन् भनी हेर्नको लागि तपाईंले रोजगार अधिकारीसँग कुरा गर्न सक्नुहुन्छ।
- टेलिफोन रोजगार सेवा (२९६९-०८८८): यो रोजगार केन्द्रहरूमा जानुको सट्टा टेलिफोनबाट रोजगार सन्दर्भहरू प्राप्त गर्न सक्ने दर्ता भएकाहरूका लागि प्रयोगकर्ता-मैत्री सेवा हो।

तपाईंले श्रम विभागको अन्तरक्रियात्मक रोजगार सेवा (Interactive Employment Service, iES) वेबसाइट (www.jobs.gov.hk) वा यसको मोबाइल एप्लिकेशन मार्फत कुनै पनि समय र जहाँसुकै स्थानीय रोजगारदाताहरूद्वारा उपलब्ध गराइएका रोजगारी रिक्तताहरूको विशाल डाटा बैंक पहुँच गर्न सक्नुहुन्छ। तपाईं रोजगार खोजिरहेका जातीय अल्पसंख्यकहरूको लागि समर्पित वेबपेज (www.jobs.gov.hk/EM) पनि भ्रमण गर्न सक्नुहुन्छ जसमा कम चिनियाँ भाषा आवश्यकताहरू भएका भर्खरको रोजगारी रिक्तताहरू जाँच गर्न र अन्य रोजगारी जानकारी प्राप्त गर्न सकिनेछ।

श्रम विभागले वर्षैभरि रोजगार मेला आयोजना गर्ने उद्योग-आधारित तीनवटा भर्ती केन्द्र (Recruitment Centres) स्थापना गरेको छ। यदि तपाईं क्याटरिङ, रिटेल वा निर्माण उद्योगहरूमा रोजगारी लिन इच्छुक हुनुहुन्छ भने, तपाईंले रोजगार केन्द्रहरू (Job Centres), iES (www.jobs.gov.hk) वा यसको मोबाइल एप्लिकेशनमा पछिल्ला रोजगार मेला जानकारी जाँच गर्न सक्नुहुन्छ, वा भर्ती गर्ने रोजगारदाताहरूसँग स्थलमै (अन-द-स्पट) जागिर अन्तर्वार्ताको लागि नियुक्ति आरक्षित गर्न भर्ती केन्द्रहरू (Recruitment Centres)मा कल गर्नु सक्नुहुन्छ।

रोजगार केन्द्रहरू र उद्योगमा आधारित भर्ती केन्द्रहरूको ठेगाना र टेलिफोन नम्बरहरू निम्नानुसार छन्:

HONG KONG ISLAND

Admiralty Job Centre 9/F, High Block, Queensway Government Offices 66 Queensway, Hong Kong	2591-1318
Hong Kong West Job Centre 4/F, Western Magistracy Building 2A Pokfulam Road, Hong Kong	2552-0131
North Point Job Centre 12/F, North Point Government Offices 333 Java Road, North Point, Hong Kong	2114-6868

KOWLOON

Kowloon East Job Centre 1/F, Trade and Industry Tower 3 Concorde Road, Kowloon	2338-9787
Kowloon West Job Centre 9/F, Cheung Sha Wan Government Offices 303 Cheung Sha Wan Road, Sham Shui Po, Kowloon	2150-6397
Kwun Tong Job Centre 10/F, Kowloon East Government Offices 12 Lei Yue Mun Road, Kwun Tong, Kowloon	2342-0486
Construction Industry Recruitment Centre Units 3507 – 3512, 35/F, Tower 1, Millennium City 1 388 Kwun Tong Road, Kwun Tong, Kowloon	3428-3303
Recruitment Centre for the Catering Industry 2/F, Treasury Building, 3 Tonkin Street West Cheung Sha Wan, Kowloon	3847-7600
Recruitment Centre for the Retail Industry 2/F, Treasury Building, 3 Tonkin Street West Cheung Sha Wan, Kowloon	3847-7611

NEW TERRITORIES

Shatin Job Centre 2/F, Sha Tin Government Offices 1 Sheung Wo Che Road, Sha Tin, New Territories	2158-5553

Sheung Shui Job Centre Units 2001-2006, Level 20, Landmark North 39 Lung Sum Avenue, Sheung Shui, New Territories	3692-4532
Tai Po Job Centre 3/F, Tai Po Government Offices 1 Ting Kok Road, Tai Po, New Territories	2654-1429
Tsuen Wan Job Centre 2/F, Tsuen Wan Government Offices 38 Sai Lau Kok Road, Tsuen Wan, New Territories	2417-6197
Tuen Mun Job Centre G/F, Victory Building 3 Tsing Min Path, Tuen Mun, New Territories	2463-9967
Tung Chung Job Centre Unit 211A, 2/F, Yat Tung Shopping Centre Yat Tung Estate, Tung Chung Lantau Island, New Territories	3428-2943
Yuen Long Job Centre Unit 401, 4/F, Tin Ching Amenity and Community Building Tin Ching Estate, Tin Shui Wai, New Territories	3692-5750

टेलिफोन रोजगार सेवा हटलाइन: **२९६९-०८८८**
iES वेबसाइट: www.jobs.gov.hk

विदेशी घरेलु सहयोगीहरूको लागि

रोजगारीका सर्तहरू

कानून अनुसार, तपाईंले रोजगारी सम्झौतामा निर्दिष्ट गरिए अनुसार निश्चित रोजगारदाताको लागि उहाँको निवासमा काम गर्नुपर्छ।

चेतावनी:

हङकङमा कुनै पनि विदेशी घरेलु सहयोगीले अस्वीकृत पूर्ण-समय (फुल-टाइम) वा अंशकालिक (पार्ट-टाइम) काम लिन पाउने छैनन्। उल्लंघनकर्ताहरूलाई जरिवाना र जेल सजाय हुन सक्छ। उनीहरूलाई हङकङबाट पनि हटाउन सकिन्छ।

यदि तपाईंको रोजगारदाताले तपाईंलाई गैर-घरेलु कर्तव्यहरू गर्न वा तोकिएको ठेगाना बाहेक अन्य कतै काम गर्न अनुरोध गर्छन् भने, तपाईंले त्यस्तो अनुरोध अस्वीकार गर्नुपर्छ। यो गैरकानूनी हुन्छ तथा तपाईं र तपाईंको रोजगारदाता दुवैलाई कानूनी अभियोग पर्न सक्छ। तपाईंको सम्झौतामा भनिएको काम मात्र तपाईंलाई गर्न अनुमति दिइएको काम हो। यदि तपाईंको रोजगारदाताले तपाईंलाई कुनै अन्य काम गर्न जोड दिनुहुन्छ भने, अध्यागमन विभागको प्रवर्तन डिभिजन (Enforcement Division of the Immigration Department) लाई (www.gov.hk/en/residents/immigration/investigation/onlinereportoffence.htm) लाई भन्नुहोस्।

रोजगार एजेन्सीहरू

तपाईंलाई सफलतापूर्वक काममा राखेपश्चात र तपाईंले आफ्नो पहिलो महिनाको ज्याला प्राप्त गरेपछि तपाईंले आफ्नो रोजगारी एजेन्सीलाई कमिसन तिर्न सक्नुहुन्छ। यस्तो कमिसनको रकम तपाईंको पहिलो महिनाको ज्यालाको १०% भन्दा बढी हुनुहुँदैन। साथै, सुनिश्चित गर्नुहोस् कि रोजगार एजेन्सीसँग श्रम आयुक्तबाट वैध इजाजतपत्र वा "छूटको प्रमाणपत्र" ("Certificate of Exemption") छ। तपाईंले रोजगार एजेन्सीले रोजगार एजेन्सी पोर्टल (www.eaa.labour.gov.hk) मा वैध इजाजतपत्र लिएको छ कि छैन भनेर जाँच गर्न सक्नुहुन्छ।

यदि तपाईंलाई लाग्छ कि तपाईंको रोजगार एजेन्सीले इजाजतपत्र प्राप्त गरेको छैन वा तपाईंबाट बढी शुल्क असुलेको छ भने, श्रम विभागको रोजगार एजेन्सी प्रशासनलाई २११५-३६६७ मा कल गर्नुहोस्। अन्य माध्यमबाट पनि रोजगार एजेन्सी प्रशासन (Employment Agencies Administration) लाई रिपोर्ट गर्न सकिन्छ; जसमा हुलाक द्वारा (ठेगाना: Unit 906, 9/F, One Mong Kok Road Commercial Centre, 1 Mong Kok Road, Kowloon); फ्याक्स द्वारा (नम्बर: २११५-३७५६); इमेल द्वारा (ea-ee@labour.gov.hk); वा रोजगार एजेन्सी पोर्टल (www.eaa.labour.gov.hk) मार्फतका माध्यमहरू समावेश छन्।

सुझावहरू:

- यदि तपाईं सर्तहरूसँग सहमत हुनुहुन्न वा तपाईं तिनीहरूको अर्थ के हो भनेर निश्चित हुनुहुन्न भने कुनै कागजात, सहमति वा सम्झौतामा हस्ताक्षर नगर्नुहोस्।
- तपाईंले नपाएको ज्यालाको लागि हस्ताक्षर नगर्नुहोस्।
- एजेन्सी कमिसन तिरेपछि रसिदको लागि सोध्नुहोस्।
- एजेन्सीलाई तेस्रो पक्ष मार्फत भुक्तानी नगर्नुहोस्।
- एजेन्सीले अनुरोध गर्दा पनि कुनै पनि ऋण कम्पनीबाट ऋण लिएर एजेन्सीलाई भुक्तानी नगर्नुहोस्।
- एजेन्सीलाई तपाईंको राहदानी वा अन्य व्यक्तिगत कागजातहरू रोक्न अनुमति नदिनुहोस्।

यदि तपाईंलाई कुनै एजेन्सी वा बिचौलियाले आफूलाई अन्याय गरेको महसुस गर्नुहुन्छ भने, प्रहरीमा जानुहोस् र घटनाको रिपोर्ट गर्नुहोस्।

चेतावनीः
तपाईंको राहदानी कसैलाई पनि नदिनुहोस्, ती साथीहरूलाई समेत नदिनुहोस्, जसले तपाईंलाई तपाईंको बसाइ अवधि वृद्धि गर्न वा रोजगारदाताहरू परिवर्तन गर्न प्रस्ताव गर्दछन्।

विदेशी घरेलु सहयोगीहरूको अधिकार

विदेशी घरेलु सहायकको रूपमा तपाईंको आधारभूत रोजगार लाभहरू र अधिकारहरू तपाईंको रोजगार सम्झौतामा निर्दिष्ट गरिएको छ। हङकङमा काम गर्ने सबै विदेशी घरेलु सहयोगीहरूको लागि (राष्ट्रियतालाई विचार नगरी) एउटा मात्र आधिकारिक मानक रोजगार सम्झौता हुन्छ, जुन अध्यागमन विभागको सूचना र सम्पर्क खण्ड (Information and Liaison Section of the Immigration Department)मा उपलब्ध छ। यसको नमूना फारम www.immd.gov.hk/eng/forms/forms/id407.html मा भेटाउन सकिन्छ।

तपाईंको ज्याला, वैधानिक र सम्झौता रोजगार अधिकार र लाभहरूको बारेमा थप जानकारीको लागि श्रम विभाग (Labour Department)बाट “विदेशी घरेलु सहयोगीहरू, रोजगारदाताहरू र रोजगार एजेन्सीहरूका लागि के गर्ने र नगर्ने पर्चा” (“The Do’s and Don’ts leaflet for foreign domestic helpers, employers and employment agencies”), “रोजगार अध्यादेशको संक्षिप्त मार्गनिर्देशिका” (“A Concise Guide to the Employment Ordinance”), “विदेशी घरेलु सहयोगीहरूको रोजगारीको लागि व्यावहारिक मार्गनिर्देशिका - विदेशी घरेलु सहयोगीहरू र उनीहरूका रोजगारदाताहरूले के थाहा पाउनुपर्छ” (“Practical Guide for Employment of Foreign Domestic Helpers – What Foreign Domestic Helpers and Their Employers Should Know”), "कर्मचारी क्षतिपूर्ति अध्यादेशको संक्षिप्त मार्गनिर्देशिका” (“A Concise Guide to the Employees’ Compensation Ordinance”) र “हङकङमा रोजगारीको लागि तयार हुनुहोस् - विदेशी घरेलु सहयोगीहरूका लागि पुस्तिका” (“Be Prepared for Employment in Hong Kong - A Handbook for Foreign Domestic Helpers”) हेर्नुहोस्, जुन श्रम विभाग (Labour Department)बाट वा विदेशी घरेलु सहयोगी पोर्टल (Foreign Domestic Helpers Portal) को वेबसाइट www.fdh.labour.gov.hk मा राखिएका छन्।

राहदानी र अन्य यात्रा कागजातहरूको सुरक्षा

यदि तपाईंको रोजगारदाता वा एजेन्सीले तपाईंलाई तपाईंको राहदानी वा अन्य व्यक्तिगत कागजातहरू समर्पण गर्न बाध्य पार्छ भने यो गैरकानूनी हो। तपाईंले तिनीहरूको अनुरोध वा सुझावलाई अस्वीकार गर्नुपर्छ। यदि तपाईं आफ्नो रोजगारदाता वा एजेन्सी द्वारा तपाईंको राहदानी समर्पण गर्न बाध्य बनाइनु भयो भने, सहयोगको लागि प्रहरी वा तपाईंको कन्सुलेटलाई सम्पर्क गर्नुहोस्।

कानून र रोजगार सम्झौता अन्तर्गत मैले के-के लाभहरू पाउँछु?

सबै विदेशी घरेलु सहयोगीहरू निम्नको लागि हकदार छन्:

- एक मासिक ज्याला - आवासीय विदेशी घरेलु कामदारहरूले सरकारले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने मासिक पारिश्रमिक प्राप्त गर्नुपर्छ। ती विदेशी घरेलु सहयोगीहरू जसका रोजगारदाताहरूले पहिले आफ्ना सहयोगीहरूलाई बस्न दिन अध्यागमन निर्देशकको स्वीकृति प्राप्त गरेका थिए, उनीहरू पनि १ मे २०११ देखि, प्रचलित SMW दरभन्दा कम नहुने दरमा पारिश्रमिक पाउने हकदार छन्;
- विश्राम दिनहरू - सात दिनको प्रत्येक अवधिको लागि एक विश्राम दिन भन्दा कम हुनु नहुने; विश्राम दिन २४ घण्टा भन्दा कमको निरन्तर अवधि हो;
- वैधानिक बिदाहरू - प्रत्येक वर्ष १३ दिन, र क्रमशः १४ दिन (२०२४ देखि), १५ दिन (२०२६ बाट), १६ दिन (२०२८ देखि) र १७ दिन (२०३० बाट) प्रगतिशील रुपमा बढाइनेछ;
- भुक्तान गरिएको वार्षिक बिदा – यदि तपाईंले कम्तिमा १२ महिनाको लागि एउटै रोजगारदाताको लागि काम गर्नुभएको छ भने सात दिनको सःशुल्क बिदा; यो सेवाको लम्बाइ अनुसार क्रमशः बढ्दै जान्छ, अधिकतम १४ दिनसम्म;
- गृह बिदा - तपाईंले उही रोजगारदातासँग नयाँ सम्झौता सुरू गर्नु अघि सात दिन भन्दा कमको बिदाको लागि आफ्नो मूल स्थानमा (तपाईंको नियोक्ताको खर्चमा पासको लागत) फर्कनु पर्छ। तपाईंले सम्झौतामा हस्ताक्षर गर्नु अघि तपाईंलाई यस छुट्टीको अवधिको लागि भुक्तान गरिनेछ कि भन्ने बारेमा सहमति आफ्ना रोजगारदातासँग अनिवार्य गर्नुपर्छ;
- बिरामी भत्ता – दैनिक दर भनेको लगातार चार दिन भन्दा कम नभएको बिरामी बिदाको लागि औसत दैनिक ज्यालाको पाँच मध्ये चार भाग बराबरको रकम हो, जबसम्म तपाईंले पर्याप्त सःशुल्क बिरामी दिनहरू

जम्मा गर्नुभएको छ र तपाईंको बिरामी बिदा उपयुक्त मेडिकल प्रमाणपत्रद्वारा वा विशिष्ट गैर–महामारी आवश्यकता (anti–epidemic requirement) को अनुपालनको कारणले अनुपस्थितिको प्रमाणद्वारा समर्थित छ;

- मातृत्व बिदा - महिला विदेशी घरेलु कामदारको लागि कम्तिमा चार हप्ताको लागि प्रसूति बिदा सुरू हुनु अघि 14 हप्ताको बिदा। तपाईंले अनिवार्य रुपमा रोजगारदातालाई गर्भावस्थाको सूचना दिनुपर्छ। यदि तपाईं निश्चित सर्तहरू पूरा गर्नुहुन्छ भने तपाईं मातृत्व बिदाको तलब प्राप्त गर्न पनि योग्य बन्नुहुनेछ जुन औसत दैनिक ज्यालाको पाँच मध्ये चार भाग बराबरको दैनिक दर सरह हुन आउने छ।
- पितृत्व बिदा - प्रारम्भ हुनु भन्दा तुरुन्तै अघि कम्तिमा चार हप्ताको लागि कार्यरत पुरुष विदेशी घरेलु कामदारको लागि पाँच दिनको पितृत्व बिदा प्राप्त हुनेछ। तपाईं अनिवार्य रुपमा नवजात बच्चाको बुबा वा हुनेवाला बुबा हुनुपर्दछ र तपाईंले रोजगारदातालाई आवश्यक सूचना दिनुपर्दछ। यदि तपाईं निश्चित सर्तहरू पूरा गर्नुहुन्छ भने तपाईं पितृत्व बिदाको तलब प्राप्त गर्न पनि योग्य बन्नुहुनेछ जुन औसत दैनिक ज्यालाको पाँच मध्ये चार भाग बराबरको दैनिक दर सरह हुन आउने छ;
- सेभेरन्स भुक्तानी – यदि तपाईं निश्चित सर्तहरू पूरा गर्नुहुन्छ भने तपाईंको पछिल्लो महिनाको तलबको दुई–तिहाई रकम प्रत्येक सेवारत वर्षको हिसाब अनुसार प्राप्त गर्न पनि योग्य बन्नुहुनेछ;
- लामो सेवा अवधि भुक्तानी - यदि तपाईं निश्चित सर्तहरू पूरा गर्नुहुन्छ भने तपाईंको पछिल्लो महिनाको तलबको दुई-तिहाई रकम प्रत्येक सेवारत वर्षको हिसाब अनुसार प्राप्त गर्न पनि योग्य बन्नुहुनेछ;
- दुर्घटना / चोटपटक क्षतिपूर्ति – यदि तपाईंलाई दुर्घटना (वा एक तोकिएको व्यवसायिक रोग) को कारणले गर्दा र तपाईंको रोजगारीको क्रममा कुनै चोटपटक लाग्यो वा तपाईंको मृत्यु भयो भने, तपाईंको रोजगारदाता सामान्यतया कर्मचारी क्षतिपूर्ति अध्यादेश (Employees Compensation Ordinance) अन्तर्गत क्षतिपूर्ति तिर्न उत्तरदायी हुने छन्।
- मेडिकल लाभ - तपाईको रोजगारीबाट तपाईंको चोटपटक वा रोग उत्पन्न नभएपनि तपाईले सम्झौता अवधिमा गर्नुहुने मेडिकल खर्चको लागि तपाईको रोजगारदाता जिम्मेवार हुन्छ। यद्यपि, यदि तपाईंले सम्झौताको अवधिमा आफ्नो इच्छा र आफ्नो व्यक्तिगत प्रयोजनका लागि हङकङ छोड्नुभयो भने, तपाईंले हङकङबाट टाढा हुँदा आफ्नो चिकित्सा खर्च आफैले वहन गर्नुपर्नेछ;
- नि:शुल्क बाटो - तपाईंको रोजगारदाताले तपाईंलाई आफ्नो मूल स्थानबाट हङकङसम्म नि:शुल्क यातायात प्रदान गर्नु पर्छ र, सम्झौता समाप्त भएपछि वा पूरा भएपछि, तपाईंको मूल स्थानमा फिर्ता नि:शुल्क यातायात, साथै दुवै परिस्थितिमा दैनिक खाना र यात्रा भत्ता पनि दिनुपर्छ;

- खाना - तपाईंलाई निःशुल्क खाना वा तपाईंको रोजगारदाताको रोजाइमा खाद्य भत्ता प्रदान हुनेछ जुन रोजगारी अवधिको अनुरुप उपलब्ध गराइनेछ

आफ्नो वैधानिक र संविदात्मक रोजगारी लाभहरू बारे विवरणहरूको लागि कृपया रोजगार अध्यादेश (Employment Ordinance), कर्मचारी क्षतिपूर्ति अध्यादेश (Employees' Compensation Ordinance) र रोजगार सम्झौता हेर्नुहोस्।

रोजगार सम्झौता पूरा हुँदा

1. *के म अर्को प्रकारको रोजगारीमा परिवर्तन गर्न सक्छु?*

रोजगारी परिवर्तन गर्न अध्यागमन निर्देशक (Director of Immigration) को स्वीकृति चाहिन्छ। यदि तपाईं एक विदेशी घरेलु सहयोगी हुनुहुन्छ भने, तपाईंलाई अर्को (गैर-विदेशी घरेलु सहायक) कोटिमा आफ्नो काम परिवर्तन गर्न अनुमति छैन। यदि तपाईं त्यस्तो परिवर्तन गर्न चाहनुहुन्छ भने, तपाईं आफ्नो देशमा फर्किनु पर्छ र तपाईंले नयाँ (गैर-विदेशी घरेलु सहयोगी) रोजगार भिसाको लागि नयाँ आवेदन फाइल गर्नुपर्छ।

2. *के म रोजगारदाताहरू परिवर्तन गर्न सक्छु?*

हङकङमा दुई वर्षको सम्झौता अवधि भित्र रोजगारदाता परिवर्तनको आवेदन सामान्यतया स्वीकृत हुने छैन। यदि कुनै विदेशी घरेलु कामदारले हङकङमा नयाँ रोजगारदातासँग रोजगारी लिन चाहन्छन् भने, उहाँले आफ्नो मूल स्थानमा फर्किनुपर्छ र उपयुक्त भिसाको लागि सिधै अध्यागमन निर्देशक (Director of Immigration)लाई आवेदन दिनुपर्छ।

यदि तपाईंले आफ्नो सम्झौता पूरा हुनु अघि नै आफ्नो जागिर गुमाउनुभएको छ भने ("समयपूर्व समाप्ति", "premature termination"), आप्रवासन विभाग (Immigration Department)ले तपाईंलाई हङकङमा विशेष परिस्थितिहरूमा रोजगारदाताहरू परिवर्तन गर्न अनुमति दिने विचार गर्न सक्छ, जस्तै प्रवास, बाह्य स्थानान्तरण, मृत्यु वा तपाईंको रोजगारदाताको आर्थिक कठिनाइहरू अथवा ती स्थितिहरू जहाँ तपाईंको रोजगारदाताद्वारा तपाईं माथि दुर्व्यवहार वा शोषण गरेको प्रमाण छ।

रोजगार सम्झौताको समाप्ति

1. *कसले सम्झौता समाप्त गर्न सक्छ?*

यदि तपाईं आफ्नो रोजगार सम्झौतालाई म्याद समाप्त हुनु अघि समाप्त गर्न चाहनुहुन्छ भने, सामान्य परिस्थितिमा तपाईंले रोजगार सम्झौतामा निर्दिष्ट गरे अनुसार तपाईंको रोजगारदातालाई लिखित रूपमा एक महिनाको सूचना दिनुहुनेछ, वा सूचनाको सट्टामा एक महिनाको ज्याला तिर्नुहुनेछ।

यदि तपाईंको रोजगारदाताले तपाईंको रोजगारी सम्झौतालाई म्याद सकिनु अघि समाप्त गर्न चाहन्छन् भने, उहाँले तपाईंलाई एक महिनाको लिखित सूचना वा सूचनाको सट्टामा एक महिनाको तलब पनि दिनेछन्।

तथापि, तपाईंको नियोक्ताले तपाईंलाई बिना सूचना वा सूचनाको सट्टामा भुक्तानीबाट तुरुन्तै बर्खास्त गर्न सक्छन् यदि तपाईं:

- जानाजानी एक कानूनी र उचित आदेश को अवज्ञा गर्नुहुन्छ;
- दुर्व्यवहार गर्नुहुन्छ;
- धोखाधडी वा बेइमानीको दोषी हुनु हुन्छ; वा
- आफ्नो कर्तव्यमा बेवास्ता गर्ने बानी बनाउनु हुन्छ।

अर्कोतर्फ, तपाईंले आफ्नो रोजगारी सम्झौतालाई बिना सूचना वा सूचनाको सट्टामा भुक्तानी दिएर समाप्त गर्न सक्नुहुन्छ यदि तपाईं:

- उचित रूपमा हिंसा वा रोगबाट शारीरिक खतरा भएको चिन्तामा हुनुहुन्छ;
- रोजगारदाताद्वारा दुर्व्यवहार भोग्नु भएको छ; वा
- कम्तिमा पाँच वर्षको लागि रोजगारीमा संलग्न हुनुभएको छ र दर्ता भएका चिकित्सा व्यवसायी वा दर्ता भएका चिनियाँ औषधि व्यवसायीले यो प्रमाणित गरेका छन् कि तपाईंले गरिरहनुभएको कामको प्रकारको लागि तपाईं स्थायी रूपमा अयोग्य हुनुहुन्छ।

रोजगारदाताद्वारा समाप्ति गरिएको मानिने

यदि बाँकी भएको तलबको एक महिना भित्र भुक्तान नगरिएमा तपाईंले आफ्नो रोजगारदाताले सूचना बिना नै आफ्नो रोजगारीको सम्झौता खारेज गरेको मान्न सक्नुहुन्छ र अन्य वैधानिक तथा अनुबंध समाप्ति भुक्तानीको अतिरिक्त सूचनाको सट्टामा भुक्तानीको हकदार हुनुहुन्छ। विवादहरूबाट बच्नको लागि, तपाईंले त्यस्ता अधिकारहरू प्रयोग गर्दा तपाईंले आफ्ना रोजगारदातालाई सूचित गर्नुपर्छ।

2. *यदि मेरो रोजगारी सम्झौता समाप्त भयो भने मैले के गर्नुपर्छ?*

यदि तपाईंको सम्झौता समय भन्दा पहिले नै समाप्त भयो भने, तपाईंले सम्झौता समाप्त भएको मिति देखि दुई हप्ता भित्र वा तपाईंको बसाइको सीमा समाप्त हुनु अघि (पछिल्लो

ल्यान्डिङ स्लिप वा "ई-भिसा" मा उल्लेख भएको बसाईको सीमा) मध्ये जुन पहिले आउँछ, त्यस समयसीमा भित्र हङकङ छोड्नु पर्छ। यसलाई सामान्यतया "दुई-हप्ता नियम" भनिन्छ। याद गर्नुहोस् कि यस अवधिको अन्त्य भन्दा अगाडि तपाईंले हङकङ छोड्नुपर्छ वा अध्यागमन विभाग (Immigration Department)मा रिपोर्ट गर्नुपर्छ; अन्यथा, तपाईंलाई ओभरस्टेयर (अनुमति भन्दा बढी बसेको) मानिनेछ। रोजगारी सम्झौता समय भन्दा पहिले समाप्त गरिएको मितिबाट सात दिन भित्र अध्यागमन निर्देशक (Director of Immigration)लाई लिखित रूपमा सूचित गराउनु रोजगारदाता र विदेशी घरेलु सहयोगी दुवैको जिम्मेवारी हुन्छ।

सम्झौताको समाप्तिमा तपाईं निःशुल्क यातायात र आफ्नो घर फिर्ताको लागि आफ्नो रोजगारदाताबाट दैनिक खाना र यात्रा भत्ताको हकदार हुनुहुन्छ।

यदि तपाईं कुनै भुक्तानीको हकदार हुनुहुन्छ र तपाईंका रोजगारदाताले तपाईंलाई भुक्तान गर्न अस्वीकार गर्नुभयो भने, तपाईंले श्रम विभागमा आफ्नो दाबी फाइल गर्नुपर्छ। जब तपाईं हङकङमा आफ्नो बसाइको सम्बन्धमा अध्यागमन विभाग (Immigration Department)मा जानुहुन्छ, श्रम विभाग (Labour Department)मा आफ्नो दाबी पेश गरिएको छ भनेर देखाउनको लागि तपाईंले श्रम विभागले दिएको कागजातहरू प्रस्तुत गर्न सक्नुहुन्छ।

कृपया ध्यान दिनुहोस् कि अध्यागमन विभागले कुनै श्रम दाबी गरिरहेका अनुबंध समाप्त भएका विदेशी घरेलु कामदारलाई रोजगारी लिन अनुमति दिँदैनन् जबसम्म अध्यागमन निर्देशक (Director of Immigration)ले अन्यथा अनुमोदन गर्दैनन्।

विदेशी घरेलु सहयोगीहरूको लागि समर्पित हटलाइन, इमेल खाता र अनलाइन फारम

श्रम विभागले विदेशी घरेलु सहयोगीहरूका लागि एक-स्टप (सम्पूर्ण) सहायता प्रदान गर्न एक समर्पित हटलाइन (२१५७-९५३७) स्थापना गरेको छ, जसमा उनीहरूको रोजगारी अधिकार र दायित्वहरूमा सल्लाह प्रदान गर्ने; अनुगमन र/वा अनुसन्धानको लागि श्रम विभागको सम्बन्धित डिभिजनहरूमा श्रम सम्बन्धी मामिलाहरूमा सोधपुछ, अनुरोध वा गुनासोहरू सन्दर्भ गर्ने; र शंकास्पद शोषण वा शारीरिक दुर्व्यवहारको बारेमा सोधपुछ, अनुरोध वा गुनासोहरू दर्ता गर्न उपयुक्त कानून प्रवर्तन एजेन्सीहरूसँग सम्पर्क गर्न विदेशी घरेलु सहयोगीहरूलाई सल्लाह वा मद्दत गर्ने कुराहरू समावेश छन्। हटलाइनलाई १८२३ द्वारा ह्यान्डल गरिएको छ र यो दिनको २४ घण्टा सञ्चालन हुन्छ। ११ भाषाहरूमा (तागालग, बहासा इन्डोनेसिया, थाई, नेपाली, हिन्दी, पञ्जाबी, उर्दू, सिंहला, बंगाली, खमेर र म्यानमार) मा दोभाषे सेवा सोमबारदेखि आइतबार (सामान्य बिदा

बाहेक) बिहान ८ बजेदेखि राति १० बजेसम्म उपलब्ध छ।

हटलाइनमा कल गर्नु बाहेक, विदेशी घरेलु सहयोगीहरूले हङकङमा आफ्नो रोजगारीका विषयमा सोधपुछ गर्न सक्छन् र उनीहरूको रोजगार अधिकार उल्लङ्घन भएको बेला इमेल (fdh-enquiry@labour.gov.hk) र विदेशी घरेलु सहायक पोर्टल (www.fdh.labour.gov.hk)मा रहेको अनलाइन फारम मार्फत उजुरी पेश गर्न सक्छन्।

खराब व्यवहार, शारीरिक वा यौन दुर्व्यवहार

हङकङमा, घरेलु वा अन्य कामदारहरूको दुर्व्यवहार सह्य छैन। यदि तपाईं प्रति खराब व्यवहार वा शारीरिक वा यौन दुर्व्यवहार भएको छ भने, तपाईं बिना सूचना वा भुक्तानी बिना तुरुन्तै सम्झौता समाप्त गर्न हकदार हुनुहुन्छ। आपतकालिन अवस्थामा तपाईंले **९९९** मा, प्रहरी हटलाइन २५२५-७१७७ मा वा अध्याय १० मा सूचीबद्ध प्रहरी स्टेशनहरूको टेलिफोन नम्बरहरूमा फोन गरेर प्रहरीलाई मुद्दा रिपोर्ट गर्नुपर्छ।

अन्य संस्थाहरूबाट सहयोग

अनिवार्य सञ्चय कोष

यदि तपाईं एक कर्मचारी वा स्वरोजगारी व्यक्ति हुनुहुन्छ भने, MPF प्रणालीले तपाईंलाई आफ्नो सेवानिवृत्तिको लागि बचत गर्न सक्षम बनाउँछ। छुट प्राप्त व्यक्तिहरू बाहेक, १८ देखि ६४ वर्षका कर्मचारीहरू र स्व-रोजगार भएका व्यक्तिहरूलाई MPF योजनामा सामेल बन्नु आवश्यक छ। MPF योजनामा सामेल हुन आवश्यक नपर्ने व्यक्तिहरू निम्न छन्-

- घरेलु कर्मचारीहरू;
- स्वरोजगारी हकर (घुमन्ते व्यापारी);
- वैधानिक निवृत्तिभरण वा भविष्य निधि योजनाहरूद्वारा कभर गरिएका व्यक्तिहरू;
- पेशागत सेवानिवृत्ति योजनाका सदस्यहरू जसलाई MPF आवश्यकताहरूबाट छुट दिइएको छ;
- १३ महिना भन्दा बढी अवधि नहुने गरी रोजगार वा स्व-रोजगारको लागि हङकङ प्रवेश गर्ने विदेशीहरू, वा जो विदेशी सेवानिवृत्ति योजनाहरूका सदस्य हुन्; र
- हङकङमा युरोपेली आयोगको युरोपेली संघ कार्यालयका कर्मचारीहरू।

यदि तपाईं एक कर्मचारी हुनुहुन्छ भने, तपाईंको रोजगारदाताले तपाईंलाई तपाईंको रोजगारीको ६० दिन भित्र आफ्नो रोजाइको MPF योजनामा भर्ना गर्नुपर्छ। तपाईंले छनौट योजना अन्तर्गत प्रस्तावित घटक कोषहरू मध्ये चयन गर्न सक्नुहुन्छ। यदि

तपाईंले कुनै छनौट गर्नुभएन भने, तपाईं र तपाईंको रोजगारदाताद्वारा गरिएको MPF योगदानहरू पूर्वनिर्धारित लगानी रणनीति अनुसार स्वतः लगानी हुनेछ।

तपाईं र तपाईंको रोजगारदाताले तपाईंको सान्दर्भिक आम्दानीको ५% को आधारमा अनिवार्य योगदान गर्न आवश्यक छ। एक कर्मचारीको अनिवार्य योगदानहरू वैधानिक न्यूनतम र अधिकतम सान्दर्भिक आय स्तरहरूको अधीनमा छन्, जबकि एक रोजगारदाताको अनिवार्य योगदानहरू वैधानिक अधिकतम सान्दर्भिक आय स्तरको अधीनमा छन्।

एकपटक तपाईंको रोजगारदाताले तपाईंको योगदानहरू र तपाईंको योगदानहरू सान्दर्भिक MPF योजनामा पठाएपछि, योगदानको अनिवार्य अंश र त्यसबाट प्राप्त हुने कुनै पनि लगानीको प्रतिफल पूर्ण रूपमा र तुरुन्तै तपाईंमा निहित हुनेछ। तपाईंले आफ्नो MPF योजनामा जम्मा भएका लाभहरू एकमुष्ट वा किस्ताबन्दीमा फिर्ता लिन सक्नुहुन्छ जब तपाईं सेवानिवृत्तिको उमेर ६५ वर्ष पुग्नुहुन्छ, वा कानूनमा तोकिएका अन्य परिस्थितिहरू पूरा गर्नुहुन्छ, अर्थात् ६० वर्षको उमेरमा छिटो अवकाश, हङकङबाट स्थायी रुपमा प्रस्थान, मृत्यु, उपचार गर्न नसकिने बीमारी, पूर्ण असक्षमता र न्यून खाता ब्यालेन्स।

कर्मचारी छनोट व्यवस्था (Employee Choice Arrangement) अन्तर्गत, तपाईंले आफ्नो हालको रोजगारीको योगदान खातामा अनिवार्य योगदान र लगानी फिर्ताको कर्मचारीको अंश आफ्नो रोजाइको MPF योजनामा प्रत्येक पात्रो वर्षमा एक पटक एकमुष्ट रूपमा स्थानान्तरण गर्न रोज्न सक्नुहुन्छ।

यदि तपाईं स्वरोजगार व्यक्ति हुनुहुन्छ भने, तपाईंले MPF योजनामा नामांकन गर्न र तपाईंको सान्दर्भिक आयको ५% योगदान गर्न आवश्यक छ, वैधानिक न्यूनतम र अधिकतम सान्दर्भिक आय स्तरहरूको अधीनमा रहेर। तपाईंले छनौट गरिएको योजना अन्तर्गत घटक कोषहरू मध्येबाट छनौट गर्न सक्नुहुन्छ र कुनै पनि समयमा अर्को योजनामा योगदान र लगानी फिर्ता स्थानान्तरण गर्न सक्नुहुन्छ।

MPFको विवरणहरूको लागि, तपाईं अनिवार्य सञ्चय कोष योजना प्राधिकरण (Mandatory Provident Fund Schemes Authority)को वेबसाइट www.mpfa.org.hk मा जान सक्नुहुन्छ वा यसको कार्यालयमा सम्पर्क गर्न सक्नुहुन्छ:

Level 12, Tower 1,
The Millennity,
98 How Ming Street
Kwun Tong, Hong Kong

हटलाइन: 2918-0102
फ्याक्स: 2259-8806
इमेल: mpfa@mpfa.org.hk

पेशागत र निरन्तर शिक्षा

1. *पेशागत र व्यावसायिक शिक्षा र तालिम*

पेशागत प्रशिक्षण परिषद् (Vocational Training Council, VTC) १९८२ मा VTC अध्यादेश (VTC Ordinance, Cap. 1130) अन्तर्गत स्थापित एक वैधानिक निकाय हो जसको उद्देश्य हङकङका आवश्यकताहरू अनुरूप व्यापक पेशागत र व्यावसायिक शिक्षा र तालिम प्रणाली उपलब्ध गराउनु हो।

VTC ले हङकङको प्राविधिक र उच्च शिक्षा संस्थान (Technological and Higher Education Institute of Hong Kong, THEi), व्यावसायिक शिक्षा र ज्ञान संस्थान (Institute of Professional Education And Knowledge, PEAK), उच्च र व्यावसायिक शिक्षा विद्यालय (School for Higher and Professional Education, SHAPE), हङकङ इन्स्टिच्युट अफ भोकेशनल एडुकेशन (Hong Kong Institute of Vocational Education, IVE) , हङकङ डिजाइन संस्थान (Hong Kong Design Institute, HKDI), प्रो-एक्ट बाइ भिटिसि (Pro-Act by VTC), इन्टरनेशनल कलिनरी इन्स्टिच्युट (International Culinary Institute, ICI), होटल एण्ड टुरिजम इन्स्टिच्युट (Hotel and Tourism Institute, HTI), चाइनिज कलिनरी इन्स्टिच्युट (Chinese Culinary Institute, CCI), सामुद्रिक सेवा प्रशिक्षण संस्थान (Maritime Services Training Institute, MSTI), युवा कलेज (Youth College, YC), एकीकृत व्यावसायिक विकास केन्द्र (Integrated Vocational Development Centre, IVDC) र शाइन स्किल्स सेन्टर (Shine Skills Centre) लगायतका सदस्य संस्थाहरूमार्फत व्यावसायिक र पेशागत शिक्षा र प्रशिक्षण प्रदान गर्दछ। यसले प्रत्येक वर्ष लगभग 200,000 तालिम स्थानहरू प्रदान गर्दछ, जसबाट विभिन्न शिक्षा स्तरका मानिसहरूलाई पूर्व-रोजगारी र आन्तरिक-सेवा पेशागत र व्यावसायिक शिक्षा तथा प्रशिक्षण कार्यक्रमहरू प्रदान गर्दछ, जसमा सिनियर र जुनियर माध्यमिक विद्यालय छोड्नेहरूका लागि डिग्री, उच्च डिप्लोमा, डिप्लोमा र प्रमाणपत्र कार्यक्रमहरू आन्तरिक-सेवा प्रशिक्षण कार्यक्रमहरू, र विशिष्ट उद्योगहरूको आन्तरिक-सेवामा रहेका व्यवसायीहरूको लागि प्रशिक्षार्थी प्रशिक्षण समावेश छन्।

सोधपुछ: २८३६-१०००; वेबसाइट: www.vtc.edu.hk

2. *प्राविधिक तालिम*

निर्माण उद्योग परिषद् (काउन्सिल) निर्माण उद्योग परिषद् अध्यादेश (Construction Industry Council Ordinance, Cap. 587) अन्तर्गत स्थापित एक वैधानिक निकाय हो।

काउन्सिलले आफ्नो सदस्य संस्था हङकङ इन्स्टिच्युट अफ कन्स्ट्रक्सन (Hong Kong Institute of Construction, HKIC) मार्फत प्रशिक्षण प्रदान गर्दछ। यसले युवा र वयस्कहरूलाई दक्ष शिल्पकार, निर्माण प्लान्ट सञ्चालक र पर्यवेक्षक/प्राविधिक बन्न तालिम प्रदान गर्दछ। यसबाहेक, HKICले सेवामा रहेका निर्माण कर्मचारीहरूलाई सीप अभिवृद्धि पाठ्यक्रमहरू, सुरक्षा, प्रविधि र व्यवस्थापन सम्बन्धी पाठ्यक्रमहरू पनि प्रदान गर्दछ। HKICले तीनवटा क्याम्पस र सातवटा तालिम मैदानहरू सञ्चालन गर्दछ।

प्रशिक्षण पाठ्यक्रमहरू उपलब्ध गराउनुको अतिरिक्त, काउन्सिलले निर्माण कामदारहरूको सीप स्तरहरू मूल्याङ्कन गर्न व्यवसायिक परीक्षणहरू र निर्माण प्लान्ट अपरेटरहरूको लागि प्रमाणीकरण परीक्षणहरू पनि सञ्चालन गर्दछ। काउन्सिलले 'पहिले-नियुक्ति-पछि-तालिम' ("first-hire-then-train") आधारमा विभिन्न सहयोगी तालिम योजनाहरू (Collaborative Training Schemes) मार्फत नव प्रवेशीहरूलाई तालिम दिन उद्योगहरूसँग सहकार्य गर्दछ।

सोधपुछ: २१००-९०००; वेबसाइट: www.cic.hk र www.hkic.edu.hk

कपडा उद्योग प्रशिक्षण प्राधिकरण (Clothing Industry Training Authority, CITA) ले डिप्लोमा स्तर वा माथिका पूर्णकालिन (फुलटाइम) र अंशकालिन (पार्टटाइम) पाठ्यक्रमहरू प्रदान गर्न र व्यावसायिक परामर्श तथा प्राविधिक सहयोग सेवाहरू प्रदान गर्न दुईवटा प्रशिक्षण केन्द्रहरू सञ्चालन गर्दछ। यसको मिशन भनेको लुगा उद्योगलाई यसका सेवाहरूलाई प्रभावकारी रूपमा सुदृढ गर्नको लागि उद्योगद्वारा नेतृत्व गरिएको दृष्टिकोण अपनाई यसको विश्वव्यापी रुपमा प्रतिस्पर्धात्मकता वृद्धि गर्न मद्दत गर्नु हो:

- व्यवस्थापन तथा प्राविधिक पेशाकर्मीहरूलाई प्रशिक्षण र विकास गर्ने;
- उचित व्यावसायिक अभ्यासहरूका साथै उत्पादकता र गुणस्तर सुधार कार्यक्रमहरू प्रवर्द्धन गर्ने; र
- सूचना प्रविधिको प्रयोगलाई सहज बनाउने।

सोधपुछ: २२६३-६३००; वेबसाइट: www.cita.org.hk

३. *कर्मचारीहरूको पुनः प्रशिक्षण*

कर्मचारी पुन: प्रशिक्षण बोर्ड (Employees Retraining Board, ERB) कर्मचारी पुन: तालिम अध्यादेश (Employees Retraining Ordinance) अन्तर्गत १९९२मा स्थापित एक वैधानिक निकाय हो। ERB को मुख्य कार्य तालिम पाठ्यक्रम र सेवाहरूको समन्वय, वित्तपोषण र अनुगमन गर्नु हो। यसको सेवा लक्ष्यहरू तल्लो डिग्री स्तर वा सोभन्दा तलका शैक्षिक उपलब्धि भएका १५ वर्ष वा माथिका मानिसहरू हुन्।

ERB ले ४०० वटा तालिम केन्द्रहरू सञ्चालन गर्ने करिब ८० वटा तालिम निकायहरूलाई बजार सञ्चालित र रोजगार उन्मुख प्रशिक्षण पाठ्यक्रमहरू र सेवाहरू विभिन्न सेवा लक्षित पक्षहरूलाई प्रदान गर्नका लागि नियुक्त गर्छ जसमा हङकङमा रहेका गैर-चिनियाँ मूलका योग्य कर्मचारीहरू समेत पर्दछन्, जसअन्तर्गत यसको उद्देश्य भनेको प्रशिक्षण र रोजगारी सेवाहरूको प्रावधान मार्फत उहाँहरूको रोजगारीका अवसरहरू बढाउने उद्देश्यका हो।

ERB ले योग्य आवेदकहरूलाई व्यावसायिक सीप र जेनेरिक सीपहरूसँग सम्बन्धित पूर्णकालिन (पार्टटाइम) र अंशकालिन (पार्टटाइम) प्रशिक्षण पाठ्यक्रमहरू प्रदान गर्दछ। सफलतापूर्वक प्लेसमेन्ट टाईड पाठ्यक्रमहरू पूरा गरेका बेरोजगार प्रशिक्षार्थीहरू पुन: तालिम भत्ताका लागि योग्य छन्, साथै यी ग्रेजुएटहरूलाई रोजगारी प्रदान गर्न र रोजगारीमा कायम राख्न मद्दत गर्न प्लेसमेन्ट फलोअप सेवाहरू पनि प्रदान गरिन्छ।

थप विवरणहरूको लागि कृपया www.erb.org मा जानुहोस् वा ERB हटलाइन १८२-१८२ मा कल गर्नुहोस्।